# परिणाम

(खण्डकाव्य)

ऋषिराम न्यौपाने

# परिणाम

## समर्पण

जसले पसिना पोखी
धराको गर्छ पोषण
त्यसलाई यो मेरो
'परिणाम' समर्पण
निस्वार्थ जो धरामा यो
मनुष्य छ समर्पित
त्यसलाई यो मेरो
'परिणाम' समर्पित

ऋषिराम न्यौपाने

## प्रकाशक

नेपाल किसान संगठन
नगरस्तरीय प्रारम्भिक समिति
बिराटनगर

प्रकाशन मिति

२०४२ फागुन पूर्णिमा

प्रकाशन प्रति

५००

मुद्रक:—
गोरखनाथ प्रिन्टिङ्ग प्रेस
बिराटनगर

सर्वाधिकार
(लेखकमा)

# प्रकाशकीय

नेपाल कृषि प्रधान देश र यहाँका नब्बे प्रतिशत जनता कृषिमा आत्मनिर्भर छ । पञ्चायती व्यवस्थाले कृषिको सुव्यवस्थामा बढी आस्था पनि राखेको छ । यसको प्रत्यक्ष उदाहरण किसान संगठन पनि हो । किसानहरूको राजनैतिक वा संगठनात्मक प्रतिनिधित्व गर्ने र तिनका जीवनअस्तित्वको संरक्षण गर्ने उद्देश्य रहेको किसान संगठन राजनीतिका अतिरिक्त समाज, साहित्य, संस्कृति इत्यादिका माध्यमबाट पनि किसानहरूका हित र मर्यादाको सुरक्षा गर्न सधैं कटिबद्ध रहन्छ । यसै उद्देश्य र संकल्प अनुसार बिराटनगर अञ्चलस्तरीय किसान संगठनले साहित्य एवं संस्कृतिको सेवाका माध्यमबाट पनि किसानहरूका अस्तित्वको संरक्षणमा प्रशस्त योगदान दिंदै आएको सर्वविदित छ । यस संगठनबाट केही वर्ष पहिले देखिनै 'किसान' नामक साहित्य, राजनैतिक (विशुद्ध पञ्चायती व्यवस्थासँग सम्बन्धित), सामाजिक, सांस्कृतिक इत्यादि विविध विषयका कविता, कथा, निबन्ध आदि फुटकर रचनाहरूको संकलन भएको पत्रिका प्रकाशित गर्दै ल्याएर आजसम्ममा चार अङ्क प्रकाशित भइसकेका र पाँचौं अङ्क प्रकाशित हुन लागेको छ । यसै उद्देश्यको परिपूर्ति गर्दै लैजाने क्रममा यस संगठनबाट पुस्तकाकार कृतिको प्रकाशन पनि गर्न लागेको कुरो सुनाउन पाउँदा हामी आफूलाई गौरवान्वित ठान्दछौं ।

सामयिक पत्रिका प्रकाशनका अतिरिक्त पुस्तकाकार कृति प्रकाशनका अनुक्रममा "परिणाम" नाउँको छन्दोबद्ध शैलीमा लेखिएको किसानका जीवनसँग सम्बन्धित विषयसँग आधारित खण्डकाव्य पहिलो कृतिका रूपमा प्रकाशित हुन लाग्दछ । यस काव्यका रचयिता हाल मोरङ जिल्लाका भूमिसुधार अधिकारी श्री ऋषिराम ग्यौवाने ज्यू हुनुहुन्छ । उहाँ सरल र सुगम तरिकाले छन्दमा आफ्नो कवित्व साधना गर्न सक्षम व्यक्तित्वको रूपमा चिनिइसक्नु भएको छ । यो प्रकाशन काव्य केवल ७ दिन मात्रै तयार पारी वहाँले हामीलाई दिनु भएको छ । वहाँले हाम्रो संगठनलाई आफ्नो काव्यकृति प्रकाशित गर्न दिएर संगठनको उद्देश्य र मर्यादाको परिपूर्ति एवं परिवृद्धिका लागि ठूलो सहयोग पुर्याउनु भएको छ । काव्यको विषय किसानका जीवनसँग सम्बन्धित, काव्यकार भूमिसुधार अधिकारी र प्रकाशन

गर्ने किसान संगठन भएकाले तीनै पक्ष किसानसँगै सम्बधित रहेको हुँदा यस काव्य कृतिको पनि त्यत्तिकै ठूलो महत्व रहने कुरो प्रत्यक्ष छ। यसबाट किसानी जीवनका लागि एउटा प्रेरणास्रोतका भूमिकाको निर्वाह हुने कुरो पनि विश्वास लायकनै छ।

अन्तमा यस प्रकारको अमूल्य कृति प्रकाशित गर्ने सौभाग्य प्रदान गर्नु भएकोमा कवि श्री न्यौपानेज्यू प्रति विशेष धन्यवाद अर्पण गर्नु अस्वाभाविक नहोला। यस काव्यकृतिको प्रकाशनमा सद्भावना एवं सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरू प्रति आभार प्रकट गर्नु पनि यथोचितनै होला। अन्तमा यस संगठनबाट थालिएको यस प्रकारका कदम प्रति सबैको सदिच्छा र सद्भावनाको अपेक्षा राख्दै प्रकाशकीय कथन यहीं अन्त गरिन्छ।

नेपाल किसान संगठन
नगरस्तरीय प्रारम्भिक समिति
विराटनगर

२०४२।१२।११

# मन्तव्यिका

परम्परागत छन्द शैलीमा सलल्ल बग्न पर्याप्त समर्थ कवि श्रीऋषिराम ज्ञ्यौवाने ज्यूको 'परिणाम' खण्डकाव्य कविकै कण्ठस्वरबाट सुन्ने सुअवसर पाएँ। यस काव्यमा पाइने नेपाली लोकभाषाको स्वाभाविक प्रवाह, छाँट-काँट र आफ्ना किसिमको वाग्व्यापार देखेर मलाई ज्यादै प्रसन्नता अनुभव भएको छ। हाम्रा सांस्कृतिक छन्दधाराको ह्रास हुन लागिरहेका बेला वहाँ जस्ता कविको महत्व झन बढि छ भने हाम्रा राष्ट्रिय सन्दर्भमा क्रियाशील रहेका समसामयिक समस्याहरूमाथि यति स्पष्ट र निर्भीक भएर आफ्नो विचार व्यक्त गर्न सक्ने कविका रूपमा पनि वहाँको मूल्य र महत्ता उल्लेखनीय छ। कवि ऋषिको कलम उत्तरोत्तर रसाउँदै जाओस भन्ने शुभकामना व्यक्त गर्दै उहाँले महाकाव्य पनि लेख्नु भएको छ भन्ने सुनिएकाले बाँकी कुरा त्यसकै प्रसङ्गमा गर्नकानिम्ति आज यत्तिमै विश्राम लिन्छु।

भानुभक्त पोखरेल
कविकुञ्ज, तीनटोलिया
विराटनगर-१२

२०४२।६।१६

# छोटो मन्तव्य

छन्दोबद्ध कविता वा काव्य भन्ने बित्तिकै मनमा श्रद्धा पलाएर आउँछ, पढूँ पढूँ लाग्छ। यसो भनेर गद्यकविता प्रतिको वितृष्णा देखाउन खोजेको पनि होइन, किनभने गद्य कविता पनि हेर्नलायक हुन्छन्, संगेय पनि हुन्छन्। यस्ता कवितामा पनि उत्तिकै श्रद्धा पलाएर आउँछ। तर फरक कतिछ भने छन्दोबद्ध कवितामा विशेष अनुशासन रहेको हुन्छ भने गद्य-कवितामा त्यतिको जटिल अनुशासन रहेको हुँदैन। गद्य कवितामा बढी नवीनताको आग्रह रहन्छ भने छन्दोबद्ध कवितामा प्राचीनताको आग्रह रहेको हुन्छ भन्ने छ। यसमा शब्दचयन र भावभङ्गिमाको नवीनता प्रदान गर्न सकिने हुँदा यसप्रति राखिने गरिएको आग्रह स्वतः फितलो रहन्छ। तर कतभने छन्दोबद्ध तथा गद्य दुवै खालका कवितामा लामा छोटा सांगीतिक रेखा वा तरङ्गहरू रहेका हुन्छन्।

मानिलिऊँ, छन्दोबद्ध कविता एक इन्चदेखि एक मिटर सम्मका लामा वा छोटा टुक्राहरू चारचारओटा बराबर पारेर छुट्याए जस्तो र गद्य-कविता लामा छोटा टुक्राहरू खालाखाला बटुले जस्तो हो तर दुवै खालका कवितामा संगीतको आयतन रहेको हुन्छ र तरङ्गहरू उमार्न र तिनलाई भूमरी पारेर घुमाउन अनि लयलाई उचाल्न तथा ओराल्न चाहिने गति र यतिको तारतम्य रहेको हुन्छ। यस कारण छन्दोबद्ध कविता र गद्यकविता दुवैमा सांगीतिक रेखाहरूमा भावनाको चिप्लाइ रहँने हुँदा दुवैका बीचमा समानता हुँदाहुँदै पनि सांगीतिक तरङ्गहरूको संयोजनमा भने समविषमता रहेको हुन्छ। यसो भएकाले कविताका शैलीगत विशेषता प्रति तृष्णा वा वितृष्णा राख्नु त्यति उचित पनि हुन्न होला, तथापि म अहिले छन्दोबद्ध कविताप्रतिको श्रद्धा प्रकट गर्न लाग्दै छु– त्यो हो, ऋषिराम न्यौपानेजीको 'परिणाम' नामक खण्डकाव्यप्रति छोटो मन्तव्य।

प्रस्तुत खण्डकाव्य पाँच परिच्छेदमा विभाजित अनि आख्यानात्मक तथा संवादात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको र आद्योपान्त अन्त्यानुप्रास सहित र यथाशक्य सालंकारिक शार्दूलविक्रीडित छन्दमा

लेखिएको सुलक्षित रहेको पाउँदा प्रस्तुत काव्य मनोगृहीत नहुनेत कुरै भएन। त्यसमा पनि प्रस्तुत काव्यको विषय किसानका जीवनचक्रसँग सम्बन्धित रहेको हुँदा बढी तथ्यमूलक पनि बन्न गए झैं लाग्नु अस्वाभाविक होइन। मातृवात्सल्य र पुत्रदायित्वका शाश्वत मूल्यहरूसँग सम्बन्धित कृषिजीवनको मार्मिक झलक यहाँ प्रस्तुत छ, जुन सामयिकताको द्योतक पनि बनेको हुँदा कविका मनमा पलाएका भावचेतनानुभूतिको सरल अभिव्यक्ति सहजसाध्य बन्न पुगेको अनुभव पनि गर्न नसकिने होइन। नागरिक जीवनलाई नै काव्यको विषय बनाइने परम्पराका अतिरिक्त किसानी वा ग्रामीण जीवनलाई काव्यको विषय बनाई लोकलय झैं रचिएको शार्दूलविक्रीडित छन्दमा काव्य तयार गर्ने कवि काव्यसाधनाका अथक यात्री बन्न सक्ने सामर्थ्यका धनी रहन सकेकामा म काव्य प्रेमीका नाताले साधुवाद प्रकट नगरी रहन सक्तिन।

यस काव्यको महत्त्वपूर्ण विशेषता विषय किसानको जीवन हुनु, भाषा प्रायः किसानकै स्तरको हुनु, किसान स्तरका पाठकका लागि सुबोध हुनु, प्राज्ञिक तहका पाठकहरूका लागि पनि ग्रहणीय हुनु इत्यादिको सम्यक् प्रस्तुतिनै हो। तीनोटा खण्डकाव्य र एउटा कविता संग्रह प्रकाशित भइसकेपछिको प्रस्तुत काव्य उपयोगीनै भएको छ। छन्द बद्ध कविता लेख्नेहरूका पंक्तिमा उभिएका कविको निजत्व स्थापित भइसकेको अनुभव गर्दागर्दै पनि परिष्कार अझैं अपेक्षित रहेको कुरो भन्न पनि बराबने कुरो आएन। त्यसो भए यो सानो वा छोटो मन्तव्य यहीं समाप्त गर्दछु।

नरेन्द्र चापागाई

नरेन्द्र साहित्य-सेवा सदन

बिराटनगर—१५

मिति २०४२।६।२१

# प्रारम्भ पहिले

१. नेपाल किसान संगठन प्रारम्भिक कार्य समिति बिराटनगरका उप-सभापति, 'किसान' अर्ध-वार्षिकका प्रधान सम्पादक, श्री कृष्णराज कोइराला ज्यूले किसान सम्बन्धी एउटा सानो काव्य तयार गरिदिन आग्रह गर्नु भयो। जसलाई स्वीकार गरें।

२ तर लेख्न प्रारम्भ गरेपछि यो चाल पाएँ स्वल्पकाय काव्यमा किसान सम्बन्धी गहन विषय प्रस्तुत गर्न कहाँ सम्भव छ र ?।

३. आफ्नो बचन बद्धताको केही हदसम्म मात्र भए पनि पुरा गर्ने प्रयास सम्म यस "परिणाम" मा गरेको सहृदयी पाठक प्रति निवेदन गर्न चाहन्छु।

४. काव्य विषयमा आफुले बोल्नु भन्दा पाठक वर्गको कथनको प्रतिक्षामा रहनुनै श्रेयस्कर ठानेको छु, र काव्यमा पोखि-एका विचार व्यक्तिगत भएको भन्ने उल्लेख गर्दछु ।

५. मेरो हस्ताक्षर सारी सहयोग गर्ने मा० सु० श्री देवी प्रसाद खतिवडा तथा आवरण पृष्ट तयार गरि दिने भीम पर-देशीलाई धन्यवाद नदिइ रहन सकिदन ।

६. अमूल्य समय दिई आफ्नो मन्तव्य प्रकट गरि दिनु भएकोमा प्राध्यापक तथा कवि श्री भानुभक्त पोखरेल ज्यू तथा समालोचक श्री नरेन्द्र चापागाई ज्यूमा कृतज्ञता सहित साधुवाद ज्ञापन गर्दछु ।

७. प्रकाशन गरी पुस्तिकालाई पाठकका हातमा पुऱ्याई दिएकोमा नेपाल किसान संगठन कार्य समिति बिराटनगर समक्ष आभार प्रकट गर्दछु ।

ऋषिराम न्यौपाने

२०४१।६।२२
हाल बिराटनगर

# परिणाम

**आमाः—**

ल्याउन्ना कति पुस्तकै पढि दिने ?
विश्राम केहीँ मिले
प्यूँदा वेद पुराणका गहकिला
आदर्श, के के मिले ?
उस्तै दुःख र दुखिको दुःख कथा
आएरको सुन्दिने
बाएको मुख दुख पीरन नदिई
आएर को थुन्दिने"
॥ १ ॥

आमाको स्वर निस्कियो अब,
कठै ! आनन्द काल भए
हेरी वेद पुराणका गहकिला
आदर्श सोच्दै थिए
गर्थे ख्याल सधैं तिनी समयको
पर्वाह राम्रो गरी
"आँखा खुल्छ खुलाउँला कृषकको
आदर्श छायाछरी"
॥ २ ॥

"रोपाई सकियो" भनेर पिउने
सिद्धान्तमा ती थिए
"आमालाई बताउने कुन कुरो"
संझी त्यसै घोरिए
छायो नीरवता बिचार अडियो
ती दम्पती टोलिए
बोल्ने आज दुवै परस्पर कुरा
सोची रहेका थिए

॥ ३ ॥

" के भन्ने ? कसरी ? " थियो हृदयमा
दोधार बाधा दिने
आशा उच्च थियो परन्तु मुटुमा
आनन्द, आभा लिने
आभाकै मुख खोलियो मुसु-मुसु
मुस्कानले शोभित
"बन्नेनैछ बिचार के अफ पढो
ज्ञानी गुनी पण्डित ?

॥ ४ ॥

रात रात कमाउने जन भए
धुत्याईँ जो जान्दछन
रोई बालक यो किसानहरूका
भोकै यहाँ मर्दछन
भोको पेट गरीबको छ अहिले
आएर को भर्दिने
फाटेको छ पुरानु बस्त्र पहिले
आएर को फेर्दिने"

आनन्द.-

॥ ५ ॥

पाएको पल फाल्न हुन्न सँगिनी ?
जो हातमा आउँछ
पाए बुद्धि, बिवेक सुन्दर छटा
छाया यहाँ छाउँछ
हामीले पनि जान्नु पर्छ हँसिली ?
आदर्श सिद्धान्त है !
तो सिद्धान्त सुनी परिश्रम गरे
आराम पाइन्छ है !

॥ ६ ॥

सुन्छयौ ? सत्य कथा सुनाउछु सखी ?
कस्तो व्यवस्था थियो
खेतीको महिमा विचार बखिलो
के वेदमा पाइयो
सारा सोख भुलो परिश्रम गरी
राख्ने धरा सुन्दर
सारा मानव बस्दथे पृथिविका
कर्तव्यमा तत्पर

॥ ७ ॥

यौटा आश्रम धौम्यको अघि थियो
विद्यार्थि राम्रा थिए
गर्थे काम परे किसानहरूका
राम्रा कुरा पढ्दथे
छर्कन्थे पसिना धरा प्रति सधै
"धर्ती सजाऊँ" भनी
"माटोमै म मिलेर अन्नमय भै
"फल्नेछु आफै" भनी

॥ ८ ॥

तो मध्ये पनि एउटा अझ सफा
राम्रा थिए आरुणि
आयो बादल, व्योमकी युवति झै
आई झरिन् बारुणी
कोही" लौ भिजिने भयो" हृदयमा
सोच्दै गए ओतमा
कोही पाठ बुझाउने तिर बसे
शास्त्रादिका साँझमा

॥ ९ ॥

मान्सा तर्फ गए कुनै युवक ती

छात्रा गए गोठमा

बोले आरूणिले त्यसै समयमा

"जाने भएँ खेतमा"

कालो बादल बर्सियो घन घटा

सँग्लेर पानी बनी

"भत्कयो पूर्ण अहो !" भनै मन गुने

"गर्लम्म आलो पनि"

॥ १० ॥

खन्दै तो चपरी चिनेर, पसिना

सम्पूर्ण पुछ्दै थिए

लच्कायो तर भेलले जमिनमा

पानी बनी पल्टिए

"फर्केको किन छैन आरूणि अझै

घेरै अँध्यारो भयो"

सोच्दै धौम्य थिए परन्तु श्रवले

बोले सुसंध्या भयो ।

॥ ११ ॥

पानो आचमनो लिएर गुरूको

देखा परे सम्मुख

सोच्दै धौम्य थिए "फिरेर गरुँला

संध्या फिराई सुख"

झं-झं-झ संग घन्कियो घन घटा

घट्दै नघट्ने गरी

चर्को रात लिएर दीप नगए

फिर्ता अहो ! केगरी

धौम्यः— ॥ १२ ॥

हेर्दैनौ घन-घोर बादल घना
बर्षातको रात यो
एक्लै आलणि खेतमा लुम्फि-लुम्फी
बिर्स्यौं ? गएको थियो
संध्याता गरुँला पछाडि गुरुले
बोले "गएँ खोज्न म"
त्यस्तो निष्ठुर बन्न हुन्न कहिल्यै
पालेर भित्री भ्रम"

॥ १३ ॥

आनन्द

पानीले तिनलाई सोत्तर गरी
राखी रहेको थियो
तिनको तैपनि भाव भिन्न मुटुमा
आली सपार्ने थियो
आभा ? स्वच्छ थिए मनुष्य पहिले
कर्तव्यले प्रोज्ज्वल
बाला झल्झल झल्कने पृथिविमा
थाला बनी निर्मल

॥ १४ ॥

शोभा, शील, सुजन्यता सबथियो
संसारमा चाहिने
जे गर्दा पनि काम स्वच्छ मनले
आभा ? सुखै पाईने
सेबा भाव थियो पबित्र मुटुमा
माधुर्य बर्साउने
आकांक्षा रहने धरा छ कसरो
हाँसेर फष्टाउने ?"

॥ १५ ॥

घेरै जाँगारिला थिए कृषक ती
पढने नपढने जब
धर्तीलाई सजाउने तिर सधैं
गर्ने थिए चिन्तन
उब्जाए पछि अन्न पूर्ण जनमा
बाँडने व्यवस्था थियो
त्यो बेला त्यसले परिश्रम कडा
सम्पूर्ण गर्ने थियो

॥ १६ ॥

पुग्थ्यो खान थुपार्नलाई नदिँदा
कोही नपर्ने रून
खेतीमा नरमाउने जन त्यहाँ
मिल्थ्यो र मेरी ! कुन
सारा हृष्ट र पुष्ट मानव थिए
बस्थे सधैँ पावन
आत्मा निर्मल नित्य नित्य रहँदा
लगिन्नथ्यो रे ! तन"

॥ १७ ॥

"पानी व्यर्थ गयो भने जमिन यो
आषाढ कस्तो हुने"
गर्थे आरूणि सोच्दथे हृदयमा
"मंसीर होला रूने
मर्नेछन् दुनियाँ अकाल भुँवरी
पर्नेछ संसारमा
मेरो जीवन यो गए पृथिविनै
मासिन्न ? के भासमा"

॥ १८ ॥

आली मंतिर देखिए जब तिनो
ता धौम्यजी उभिभए
मानौं आरूणि मृत्युका संग कडा
संघर्ष गर्दै थिर।
ल्याए आश्रममा तुरुन्त ऋषिले
राम्रो भरोसा दिई
हेरे श्रीमुखमा स्वयं गुरू भिए
बोल्ने दिलाशा दिई

॥ १९ ॥

ता ो पानि पिलाउदै वुढि-कुटी
ख्वाए पिलाए पछि
आयो सास निसासिने हृदयमा
आभा ! बताए पछि
"एक्लै जान हुँदैनथ्यो" अघि सरी
विद्यार्थि बोल्यो त्यहाँ
सोच्छन धौम्य" किसान खेत नगए
जाने धरामा कहाँ ?

॥ २० ॥

जस्ले ज्यान दिएर यो जमिनको
माटो तयारी गर्‍यो
सेबा भाव पवित्र बिश्वभरनै
भर्ने इरादा गर्‍यो
मौलाए पछि अन्ननै कृषकका
सन्तान ती बाच्दछन
आत्मानै परमात्म तुल्य दिलमा
आदर्श ती साच्दछन"

॥ २१ ॥

राम्रो आर्य समाजको मत थियो
"खेती प्रथा उत्तम"
भन्थे उच्च बिचार प्रेरित बनी
"व्यापार हो मध्यम"
मान्छे बाच्दछ अन्नले जगतकै
आधारनै अन्न हो
उब्जाए फलफूल, अन्न भवमा
मानिन्छ त्यै धर्म हो

॥ २२ ॥

हुन् देवी त्यसकी प्रतीक कहिने
जो अन्नपूर्णा यहाँ
तो हाँसे धरणी हुनेछ हँसिलो
फुल्नेछ स्वर्ग यहाँ
धेरै वृष्टि अकाल बर्षण बनोस्
केही जगेर्ना गरे
सुन्नै पर्छ कहाँ "अकाल, कलिला
सोत्राम्म मान्छे परे"

॥ २३ ॥

पैले वेद पुराण काल तिरका
मान्छे थिए उद्यमी
* राजानै पनि जोत्दथे अघि हलो
जो खेतमानै रमी
स्वामी नोकरहीन आर्य कुलका
एकै थिए मानव
खेल्थे सिर्जनका कुरा हृदयमा
संसार रच्ने सब



* सुनको हलोले राजा जनकले जमीन जोतेको पुराण प्रसिद्ध

॥ २४ ॥

सीताको पनि रम्दथ्यो दिल सधैं
खोस्री, खनी गर्न रे !
छर्थिन तो पसिना समस्त तनका
हाँसेर बस्थिन अरे !
लाग्थिन काम सकेर उच्च मनको
संगीत गुञ्जाउँन
"बाला पुष्ट रहे हुदैन भव यो
लाग्ने छ मुस्काउन"

॥ २५ ॥

सुन्दा लक्ष्मण, राम सत्य दिलको
संगीत गुञ्जाउँथे
आफै काम कडा गरेर सबमा
आनन्द बर्साउथे
देख्दा उच्च विचारका, कृषकको
उल्लास मौलाउँथ्यो
मान्छेको महिमा सुनी अमरको
उल्लास लज्जाउँथ्यो

॥ २६ ॥

शिक्षा उन्नत तो लिएर तिनका
सारा बने उद्यमी
बस्थे जंगलका किनार हरिया
ज्ञानी, रमाई श्रमी
धर्ती स्वर्ग बनाउने अजमरी
मान्छे थिए जन्मने
देखिन्थ्यो कुन त्यो हरे ! समयमा
अल्छी, खुर्नो गन्थने

|| २७ ||

"हामी बस्न हुँदैन नित्य भरमा
आकाशको केवल
धर्तीलाई रसाउँने नहरको
निर्माण होस निर्मल
बस्तू भाउ चराउने चरनको
राम्रो व्यवस्था गर"
भन्थे लक्ष्मणलाई राम बनमा बस्दा
स्वयम सुन्दर

|| २८ ||

सँभन्थे नि "शरीर नै सफलको
अन्नै भए अड्दछ
बारी खेत फलाउँने मन गरे
ऐश्वर्य नै फल्दछ"
सेलाएर चिसा परै पर रहे
आदर्श रेखा जति
मौलाएर बढे पछाडि जति यी
अन्याय रेखा जति

× × × × ×

## (२)

चक्र्यो रात चरक्क टक्क अडिए
आनन्द आभा पनि
गर्ने गुन्-गुन जो परस्पर कुरा
सोच्ने र भन्ने बानी
आभाका मुखमा निमग्न रसिला
आनन्द डुल्दै थिए
भित्री भावहरू भने कृषकका
आधार गुन्दै थिए
॥ १ ॥

आभाको तर केशमा कर पुगे
आनन्दको सुस्तिर
आनन्दी दिलमा निमग्न रहने
आभा बनिन् आखिर
खुल्छन् निर्भय साथ के अब कथा
कोट्याइए वेदमा
बाला झलझल लाग्दछन् नि हँसिला
बाला डुले खेतमा
॥ २ ॥

॥ २ ॥

आभा:—

"शिक्षाले 'म मनै' अहम् अति बढी
अन्धो भयो मानव
सोझो आजछ घोकिने फलहरू
खाने भए दानव
पढ्ने मानिसले परिश्रम कडा
गर्दै नगर्ने भयो
ओहो ! वेद पुराणको मथनले
नौनी कहाँ पाईयो ?

॥ ३ ॥

सोझाकै सब हाउमा ढलि-भली
बाठा भए उफ्रिने
सोझानै अझ भाग्निने तल भए
आनन्द यी मासिने
आभा तैं पनि भुल्दथे र कसरी
खाई खुराकी कुन
हामीलाई, मलाई, लाग्छ घसिदै
पर्नेछ झन् झन् रून

॥ ४ ॥

बर्ता झन् झुपडी परन्तु सबको
देखें अध्याँरो हुने
साच्चै दीन गरीबको दुःख गुनी
साच्छे यहाँ को रूने ?
बढ्दै लोभ गयो धनीकहरूनै
झन्-झन् धनी देखिए
"आपनो को र पराई" मात्र मुद्रमा
साँचेर बाँच्ने भए

॥ ५ ॥

बन्दै वुज्रुकक देखिए धनीक तो
ढुंगा भए पामर
बाच्नै मुश्किलमा पऱ्यो कृषकको
छोरो भने आखिर
पाकी बालि तयार हुन्छ मुखिया
भिथ्याउँने एउटा
लाग्ने चूप भए मनाउँन 'स्वय'
ईन्द्रादि वो देवता

॥ ६ ॥

अर्कोलाई रूवाँउने मन कडा
मान्छेहरूकै भयो
धर्तीमा पहिले समान रिभिने
आनन्द ! आभा गयो
बिर्से मंत्रहरू समान रसमा
चुर्लुम्म डुब्ने जति
धर्तीमा रिसिने अनन्त पहरा
देखापरे पद्धति"

॥ ७ ॥

आँखाबाट तरक्क आँशु चुहिने
के भन्नु आफ्नां सित
छोरा छोरि रुँने सधै धुरू-धुरू
के भन्नु के वो सित
तर्कै तर्क मडारियो हृदयमा
आँखा बने टलपल
गंगा तुल्य पवित्र भाव बहने
आमा भइन बिह्वल

॥ ८ ॥

आनन्दः—

ढोलाए अलिबेर नींद सुखको

आनन्दको मेटियो

आफ्नै भित्र महारिने दुःख कथा

आमासँगै पोखियो

"हाम्रो खेततिरै गयौं रगत यी

हाम्रा घरामा गए

बिर्ता वाल जमीनदार मुखिया

नाना थरी देखिए'

॥ ९ ॥

"हूँ यौटा म किसान गर्दछु सधैं

सेवा बरा देशको"

भन्ने मानिस भासियो तल खसी

त्यो तापसी भेषको

खायो ठक्कर, शीत, ताप नभनी

आघात रातो दिन

रित्तो पेट महारियो तर कुनै

पाएन गेडा लिन

॥ १० ॥

ओकै स्वप्न परोस् परन्तु नहटी,

गर्थ्यो सँधै तिसना

धर्तीलाई सजाउने तपगरी

गर्थ्यो सँधै सिर्जना

सोच्यो पाछु घरा-हरा सब भनी

गर्थ्यो सधै कल्पना

खान्थ्यो घुर्कि सिवाय के र बिचरा !

खप्की सँधै ताडना

॥ ११ ॥

उठथ्यो झोंक "म नित्य-नित्य दलिने
रित्तै लिने पेट यो

खाने ढालू पचाउँने सब कुरा
हाँडी अझै पाईयो

बिर्सन्थ्यो तर झोक" चूप म बसे
क्यै अन्न उब्जिन्नरे !

व्यर्थै यो दिन फालिए रिस गरी
संसार नासिन्छ रे !"

॥ १२ ॥

आमा: —

आमाको स्वर निश्कियो तर रुँदो
"तो निखिर भूषण

चारै तर्फ धुवाँ छ हेर बहने
हावा बनी दूषण

धेरै उर्वरता थियो जमिनमा
पैलो जमाना तिर

बस्थे पूर्वज शान्तिको श्वर भिको
हाम्रो हिमालो निर

॥ १३ ॥

हाम्रो आज दशा छ यो अब दशा
सुध्रिन्छ कसो गरे

भन्ने भाव त पाइयो पढनले
आभा यहाँ क्यै परे

त्यो बेला कसरी रसाउँछ यहाँ
निद्रा हराई सक्यो

बस्नै मुश्किल पर्छ बाच्नु कसरी
अन्योल लागी सक्यो"

॥ १४ ॥

आनन्द -

फोनैं पर्छ परे हिरा बखतमा
भन्ने कुरा संभल
हाम्रा पूर्वजका कथा गुन तिमी
कस्ता थिए निर्मल
दीक्षा सम्फ तिमी किसानहरूको
'धर्ती सँधै सिञ्चिने'
बाली भोलि भएर हास्ड पसिना
पैसा धरामा छरे

॥ १५ ॥

सुस्केरा तक शान्ति हुन्छ उनको
गौला उदाए दिन
फाल्ने कत्ति हुँदैन है ! अझ फैं
छाई रहेको छिन
मर्यादा सब राखदछन हृदयमा
सिद्धान्त जो उब्जियो
हाम्रा पूर्वजको बिचार चखिलो
स्थायी प्रिये ! पाइयो

॥ १६ ॥

ती आदर्शहरू बिलीन बिचमा
बन्दै गएका थिए
अस्ताएर उदाउने रबि शशी
जस्तै प्रभा फुलिकए
पैल्हे जो भनियो दशा कृषकको
अत्यन्त राम्रो थियो
हाम्रा बो अधिकार बोध पहरा
रातै रहेको थियो

॥ १७ ॥

आमाः—

"ऐले रात हठ्योर के ? शिखरमा
रेखा परे सूर्यका
थोत्रो बर्णनबाट सार्थक कथा
के देखिए ? बेदका
हेर्नोस रन्थनिएर बालकहरू
लागे हुरूक्कै हुन
मोकाएर असांध्य पेट हुडियो
लागे तुरूक्कै रुँन

॥ १८ ॥

सारा जीवन अस्त व्यस्त अहिले
रेखा परेको छ है !
बेंसी लेक तराइको जति थियो
आभा घटेकोछ है !
अर्काको दुःखमा अझै खुशि भई
बाने भए मानिस
जाने दूर कहाँ भयो र त्यसरी
गाई कथा आतस

॥ १९ ॥

उल्टो जात कुजात रोपिन गयो
छाती छिचोल्ने गरी
हामी छिद्र तिरै पऱ्यौं प्रिय सखे !
उठनै नसक्ने गरी
कैल्हेखम्म रूमल्लिने हृदय यो
थामेर गाई कथा
जान्छन दूर बताउँनोसन कसरी
हाम्रा हजारौ व्यथा"

॥ २० ॥

आभाको मुख लाल-लाल हुन गो

चर्कों रिसाए सरि

आँखा डबू डब देखिए हृदयको

सन्ताप बोके सरि

पादा एक फुकाउँने मन थियो

झीनो लिई लेखनी

भन्छन ती प्रिय, पत्निमा हर कुरा

पत्नी रिसाए पनि

× × × × × × ×



# (३)

आनन्दः—

हे मेरी सगिनी ! तिमी मन-मनै
ठुक्की लिसाए पनि
बन्ने छैन निठुर दूर म हुँदै
आनन्द ठस्के बनी
एक्लै बोकन तयार हुन्न सगिनी !
चर्को कडा भार यो
नारी औ नरबाद नत रचियो
संसार के ? बिर्सियो
॥ १ ॥

हे मेरी ! मडुलाउने अब भएँ
मेरै पखेरा फिर
तिम्रै त्यो अनुहारको मुसु-मुसे
हेरी उज्यालो तिर
छेडोमा पनि परनसम्म नदिने
छुच्चा भए गाउँले
हाम्रो यो उदरीय भोक कसले
आएर छुत्याउँने ?

॥ २ ॥

राम्रा स्वच्छ किसानका स्वरहरू

आषाढमा गुञ्जिए

मानो बादल नै बनेर दुःखले

मंसीरमा धुम्मिए

"हामी हीन, गरीब हीन गनिदै

पर्दै गयौं खाडल

मोका भुक्त बनी थिचेर भुडो ता

बन्काउलान मादल

॥ ३ ॥

ध्याउँन्ना दिनहुँ हुने मन–मनै

"खाऊँ भरे के कुरो ?

भोकै छन अनजान बालकहरू

कस्तो अहो ! पुर्पुरो ?

चिन्ता चैन पचाउँने हृदयको

"को दिन्छ पैसो भनो

निन्द्रासम्म नपाँइने थकित भै

लम्मतन्न पल्टे पनि

॥ ४ ॥

तर्कै तर्क बितर्क छाल सरिका

छम् छम् गरे तालका

राता बर्ण निचोरिई कृषकका

काला भए भालका

नाङ्गो धुसर देखियो जमिन यो

अन्नदि उब्जाउँने

राम्रा औसर थन्किए कुन कुरो

संझेर सुस्ताउने !"

॥ ५ ॥

'ठूला शोषक, दीन शासित; भए"

यौटा बन्यो धारणा

चर्को ब्याज बढाउँदै कृषकके

गर्ने भए शासना

सारा खर्च लगाउने जमिनमा

पैदा भएको जति

सारा टक्क रह्यो किसानहरूको

जो चाहिने उन्नति

॥ ६ ॥

चाहेकै दिनमा जमान पतिले

पन्छाइने यो प्रथा

पर्ने स्वप्न सँधै हरे ! कृषकले

बाधा बिलौंना व्यथा

त्यस्तो तुच्छ प्रथा बिचार गहिरा

देखा परे देशमा

लाखौं चाल चलेर चल्न नदिने

मान्छे बने मार्गमा'

॥ ७ ॥

"अर्काको उपकार गर्न नसके

के ? मानिने मानव"

भन्ने पूर्वज धारणा पनि यहाँ

आए उदाए तब

सोही संस्कृतिको बिचार रसिलो

छर्लङ्गियो आखिर

आयो भूमि सुधारको लहर यो

मौलाउँदै बाहिर

॥ ८ ॥

हाम्रो यो करुणा पुँछी कृषकको
रोई रहेको मन
हाम्रै छाति रसाउँने मन गरे
बाढो लिई क्रन्दन
चिन्ता दूर हुँदै गयो कृषकको
मोही बनी आँखिर
आयो सास फर्काउँदै कृषकको
सेतो हिमानी निर

॥ ९ ॥

सकछौं उन्नति तर्फ लंकन सखी !
खेती गरे हर्दम
तिम्रो त्यो मनको हटाउँन सखो !
हल्का रहेको भ्रम:
सकछौं अन्न उमार्न जत्ति त्यतिनै
हाम्रै हुने लाभ हो
पर्ने छैन थिचेर बस्न अब हे !
यो पेट मर्ने भयो"

॥ १० ॥

आभा:—

"आयो भूमिसुधार मस्त परियो
पल्टाउँदै पुस्तक
हे मेरा ? कुन पाइयो दिन निशा
चाटेर सिद्धान्ततः
धूत्याइ जुन गर्छ उच्च गनिने
खाने पिने त्यै भयो
सुस्तोस् रोदन जोगुको विवश त्यो
कस्तो दशामा गयो

॥ ११ ॥

आएथ्यो मुखिया तुरन्त रिसले

फर्क्यो कडा जंगिई

"राख्ने बाँकि कहाँछु" पूर्ण चुरियो

घर्ती बरा ! थर्किई

छोडथ्यो के त्यसले दिएछ उजुरै

के लाग्दथ्यो दीनको

खापा सम्म लथाङ्गियो लहडमा

हानो दिदा गोठको

॥ १२ ॥

रोई हिंडदछ दीन जोगु बिचरा

नाङ्गै गरी थुथुर

निष्ठुरी त्यसमै जलेर रिसिने

आगो बनी हुर्हुर

छाती काम्दछ नित्य रून्छ बिचरा

खग्रासनै हुन्छकि

यौटा मानव ग्रस्त तप्त मनको

सम्झन्छु त्यो सुकछकि ?"

॥ १३ ॥

आनन्द:—

" हो मेरो ! म बताउँला सब कुरा

तिम्रो बुझाई मन

केही भन्नुछ बाँकि पर्ख मनको !

मेरो ! उज्यालो धन

छल्ने दृष्टि बनाउने नियमको

आँखा कुनै खोलिए

त्यस्ताको पनि पेलमा परि कुनै

क्यामीर झै पेलिए

॥ १४ ॥

मेरी ! जोगु परन्तु भासिन गयो
आफैत जान्ने भई
अर्काको भरमा हिडेर त्यसले
अर्कै कुबाटो लिई
"ठूलो धाक लगाउने" नभन है !
बेकार बोल्दैन यो
खाई ठक्कर बार बार यसले
कर्तव्य के संभियो

॥ १५ ॥

कस्तो जोगु भयो पछाडि भनुँला
त्यो चित्त वुझ्ने गरी
पैले भन्छु सखी ! अझै अरू कुरा
कर्तव्य सुझ्ने गरी
हावाले पनि हम्कियो चमरझैं
हल्ली बिहानी पख
जाला दूर हराउँदै हृदयका
चिन्ता बिलौना दुःख

॥ १६ ॥

कर्जाको पनि पूर्ति खातिर भनी
जम्मा कुनै पारियो
साँझाको पनि खिर्जना गरि- गरी
आधार बचै सिर्जियो।
जगानै पनि बाडियो जमिनका
जो हान मान्छे थिए
आफ्नै पौरखको लिई पथ खुला
आकाशमा दौडिए

॥ १७ ॥

जोत्ने खेत किसानको हित भयो
आमा ! तिमी संझन
आएको जुन योजना छ गकिलो
त्यो हुन्न है बिर्सन
छाएको छ छटा नयाँ किरणको
जो–जो लुकेको थियो
आशाको अहिले छ जागृति नयाँ
जो–जो सुतेको थियो

॥ १८ ॥

नकशा हेर खिचेर पूर्णरूपले
राख्दा सबै खेतको
लेखा गर्न सकिन्छ स्पष्ट रूपले
जो–जो छ राजस्वको
खाता, शुद्ध बही, बिना अशुद्धको
बिग्रिन्छ बाटो अरे !
ऐना स्वच्छ भए मुहार सजिलै
कस्तो छ देखिन्छ रे !

॥ १९ ॥

आँखा लाग्दछ सुस्तरी धनिकको
बाणिज्य उद्योगमा
पर्न छैन परन्तु दुःख गहिरो
फस्टाउँदा अन्त्यमा
टेवा दिन्छ किसानले तर सखो !
यो देश फस्टाउँने
मंत्री, वैद्य बनाउँने कृषक हो
संसार जन्माउँने ।

॥ २० ॥

खेती तर्फ दिए बिचार सबले

संसारका राष्ट्रले

लंका, भारत, चीन आदि बलिया

बर्मा र जापानले

लंके ती नभ तर्फ उन्नति गरी

अन्नै कताएर पो

ती अन्नादि बिना उठेर यसरी

संसारमा रन्छ को ?"

॥ २१ ॥

त्यस्ता एक प्रकारका हृदयका

देखेर आनन्दका

शब्दा हारहरू कथा संग–संगै

उतपन्न तो वेदका

मानौं रोषमदीय छाल मनमा

बढ्दै गए चर्लिए

आभाका मनबाट शब्द लहरा

उठ्दै गए उर्लिए

॥ २२ ॥

आभाः—

"के त्यो गन्थले अधिन्छ्र प्रिये !

रित्तो सधै पेटछ

चिन्ता तर्क हजारबार भरिने

कस्तो यहाँ रोग छ ।

भो भो यी सब छोड्नु होस् अब बुझें

जोगु गरोस के अब ?

रून्छन बालक बालिका धुरुँ धुरुँ

लाग्दैन केही फिर !

॥ २३ ॥

खाओस के अब खोसियो जमिननै !
मोही भिलेको पनि
पर्ने खाडलमा गरीब बिचरा !
बन्ने धनीनै धनी
बन्दै दीन गए गरीब सबती
उल्टा धनी देखिए
मेरो चित्तत भन्छ व्यर्थ पहिले
सिद्धान्त ती कोरिए !

॥ २४ ॥

गन कर्कर मात्र भै हुँ र कहाँ
धेरै यहाँ देखिए
मान्छेका जति भावनाहरू यहाँ
माटो बनी मेटिए
साँझाको पनि त्यै दशा छ अहिले
बैंकको दशा के भयो
भन्ने होइन पेट यो ऋण कहाँ
मागेरनै पाइयो ?"

॥ २५ ॥

राता कान बने बिबर्ण मुखमा
देखा पर्‍यो दुःखको
"सारा मन्थन भित्र-भित्र मुटुको
व्यथैँछ आनन्दको"
भन्ने भाव थिए "सबै बचन तो
बेकार भै देखिए"
"त्यो वेकार कहाँ हुनेछर त्यसै"
आनन्द ती उर्लिए

卐 卐 卐 卐

आनन्द:—

भन्छन "लाभ भयोर के ? अब" कुनै
रुँन्चे समालोचक
ती हुन पूर्व बिचार प्रेरीत प्रिये ?
ती पुछ्दनै पोषक
एकै चोटि पुगिन्न उच्च चुलिमा
बिस्तार टेकिन्छ रे !
मोहीको अधिकारका सँग-सँगै
कर्तव्य चाहिन्छ रे !
॥ १ ॥
लाटो ? हुन्न निरर्थ पूर्वज कथा
आदर्शले प्रेरित
हिडने मानिस मार्गमा दु ख कुनै
पाउन्न सिद्धान्तत:
सिक्दै जोगु गयो खराब नजिका
मान्छेहरूका कुरा
आफैले मुटुमा बनीकन खुनी
रोपी रहेको छुरा ।

॥ २ ॥

पाएको अधिकार भोग्न रहनै

पर्नेछ कर्तब्यमा

हिंडने आदत राख्न हुन्न कहिल्यै

थाक्ने बानी ब्यर्थमा

खायो कून समेत निर्धक बनी

लुच्चो बनी केवल

सोंच्ने बानी कहाँ लियोर त्यसले

दायित्व जो निर्मल

॥ ३ ॥

राख्नै हुन्न किसानले अति रुने

बानी सधैं आत्तिने

निह्फिको पनि हिंडनु हुन्न कहिल्यै

बानी लिई पात्तिने

बाटो छोडि हिंडे अवश्य संगिनो !

काँढाहरू बिच्दछन

सोहो बालि पचाउँने जति सखो !

खाल्टो स्वयम् खन्दछन"

॥ ४ ॥

आभा मौन रहिन कहाँ र त्यसरी

सम्झाइएता पनि

आफ्नै भित्र लिएर छाल रहने

बानी लिएता पनि

झर्नाको गति रोकिदैन कहिल्यै

उर्लिन्छ छालै सरी

आँखा पूर्ण रसाउने सरितको

उल्लास छर्के सरी

॥ ५ ॥

प्रश्नै प्रश्न मडारिए हृदयमा
आँधी बनी चैतका
बैलाए सब आँकुरा कुटुलिका
राम्रा हरा चैतका
चिन्ता चैन हराउने हृदयमा
चिन्ता छुटेको थियो
आभालाई अभै सुनी सब कुरा
हाँसो उठेको थियो

॥ ६ ॥

आभा:—
"के ? अझै पनि एक तर्फ मन त्यों
झाँसेर संझाउँने ?
पर्ने सासु कठोन प्रश्न त्यसरी
छोपेर पन्छाउने ?
सुन्ने आदत त्यो कतातिर गयो
साँचो दिने उत्तर
सोझो उत्तरबाट चित्त भरिको
चिन्ता कहाँ छुटछर ?

॥ ७ ॥

"बाली दृष्टि बिना न उब्जिन गए
पाईन्छ साकी पनि
उब्जायो जति धेर मिल्छ फल त्यो
पाईन्छ खाने पनि"
भन्ने स्पष्ट्र ऐनमा तर कहाँ
मान्छे छ माफी दिने
गर्छन् लाख प्रयत्न डाकुहरु त्यो
खोसेर आफै लिने"

॥ ८ ॥

आनन्द:—

भान्जेको सुन कूत बाँकि दिन थ्यो
सम्पूर्ण पोहोरको
आयो रन्थनिदै दशा सरि कडा
आगो बनी क्रोधको
भान्जेको मन आत्तियो थर हदी
बन्दै गयो थुर्थुर
संझाए पछि" बालि बिग्रन गयो
माफी दियो सत्वर

॥ ९ ॥

आशा:—

"हो माफी त दियो रहस्य त्यसमा
अर्कै लुकेको थियो'
"मोही राख्दिन बाँकि" कत्ति रिसले
कुर्ला रहेकै थियो
ढुंगाझै अघि भर्खरै तक थियो
जो देवता देखियो
छोरीको महीमा प्रभाव गहिरो
पर्दै गएको थियो

॥ १० ॥

छोरी छे रसिली परिश्रम गरि
सग्लाउँदी जोबन
आँखा लुब्ध गडे भयो शिथिल झै
त्यो लोभिएको मन
शंका छाउँछ चित्तमा थरि-थरी .
मुस्काउदै फर्कियो
धेरै बेर बसेर आँगन कुना
छामी रहेको थियो

॥ ११ ॥

सारा मद्दतगार मद्दत दिने

गर्ने झमेला भए

निश्वार्थी दिलबाट मद्दत दिने

मान्छेहरू निखिए

छैनन कर्ण, शिबी बिशाल दिलका

दानी, प्रतापी बलि

गर्छन ती धनीहरू दिन अझै

मोहोडहरूकै बलि"

॥ १२ ॥

आभाको त्यस शब्दले हृदयमा

लाग्यो कडा चस-चस

सारा अङ्ग गलेर रोम तकनै

ठाडा भए झट-पट

दोलाए अनि घोरिए बिबश भै

साँचो कुरो के थियो

"छोरोकै तनको पवेर भरमा

माफी मिलेको थियो ?"

॥ १३ ॥

आनन्दः—

छन बाँकी अबशेष घोर कुरिति

मान्छे पिपासु यहाँ

पक्कै होईन भन्नलाई सगिनी !

सामर्थ्य मेरो कहाँ ?

देखेको तर छैन सम्मुख परी

ती बोचको लस-पस

छोडी देउ तिमी बिचार न बुझी

जो-जो उठे खस-खस

॥ १४ ॥

तर्कैतर्क गरेर चिन्तन गरी
गर्ने कुरा के छ र ?
आफ्नो हाड गलाउने किनकुरा
गर्न त्यसै आखिर
आमा ! जो बुझियो विचार गरुँला
साँचो कुरा के थियो
व्यर्थै बोल्न र बस्न हुन्न संगिनी !
साँचो कुरा संझ यो

॥ १५ ॥

केही भित्रि रहस्यनै पनि भए
केलाउँला अन्त्यमा
भाञ्जो "मद्दत लिन्न भन्दछ सँधै
आफी म बेकारमा
तिम्रो लाग्छ मलाईंता अति तिते
पाती बनी त्यो धन
ईच्छा छैन निरर्थ मद्दत लिने
मान्दैन मेरो मन "

॥ १६ ॥

"हाम्रै त्राण दिने भनेर रचियो
सोचेर यो योजना
सामन्ती, जमिदार पद्धति प्रथा
खस्दै गए धारणा
केही शेष प्रिये ! भए पनि स्वयं
नासिन्छ त्यो सुस्तिर
बानी खेत बनाउने अब लिउँ
हेरेर चारै तिर

॥ १७ ॥

केही छन मुखिया थरो, सरी गुन्नी
हिड्ने पुरानो पथ
होलान आखिर आँशुभै हृदयका
ती मुच्छिने लथ-पथ
ती उठ्ने गुन ठाउछैन भरिलो !
आँखा लगाऊ ता
आफ्नै आँगन यो पिढी तिर हिड्दौं
घेरैं नजाऊं त्यता"

॥ १८ ॥

बाजे भन्नु पर्‍यो कि के अब मनै
तिम्रा म गोडा परो"
श्यामे, जो अघि कुल्दिा कति थियौ
आफै निर्दोषी सरी
भन्थे "हिन्न म जोत्नरे ! रिसिइदै
"आफै म जोत्ने सरुँ"
बन्दै बुज्र क खेतमा पनि हलो
नारेर जोत्दै थिए

॥ १९ ॥

अड्डामा म गएर नालिश दिएँ
मोही थिए आखिर
मोहीको हक राख्न तत्पर थिएँ
कर्तव्यमा तत्पर
हाम्रो भूल थियब कान्त संगिनी !
खाली खिचोला थियो
खायो दण्ड हटाउने सुर गरी
आफै भरी पल्टियो

॥ २० ॥

हाल्यो नालिश संक फेरि त्यसले

"बाली पचायो भनी

अड्डामा पनि उफ्रियो प्रिय सखी !

मैलाइ "लुच्चो" भनी

त्यो बेला मुख रोकि रन रिसले

"लुच्चो तनै होस" भनें

"लुच्चो छैन म त्यत्ति को जति तँ छस

लुच्चो रिसाई हुने"

॥ २१ ॥

हाल्दा नालिश के भयो तुजुकले

बाली तिरेकै थिए

भर्याई पनि हातबाट त्यसकै

लेखी लिएकै थिएँ

मेरो रोही छुटाउँने सुर गर्‍यो

खायो स्वयं ठक्कर

कर्तव्यै सब संझिए पछि प्रिये !

पर्दैन क्यै हण्डर

॥ २२ ॥

ऐले मिल्न तयार हुन्छ झगडा

बिर्सेर रास्रै भयो

बाली भर्नु त पर्छ ऐन भरिको

कर्तव्य हाम्रो भयो

जो जो कुत पचाउँछन् असुर झैं

आफै हसुर्ने भई

पर्ने जोगु समान हुन्छ वहमा

जाने स्वयं घोरिई

॥ २३ ॥

"बाली दिन्न" हुदैन मन्त्र कहिल्यै
दायित्व पन्छाउँदै"
भन्छन् ती जब गम्दछिन हृदयमा
आनन्द सम्झाउँदै
"अर्काको भरमा हिडेर त्यसले
कर्तव्यनै बिर्सियो
बाली त्यो अरूको पचाउँन सिकी
आफै ! प्रिये ! बिग्रोयो

॥ २४ ॥

त्यतालाई हटाइए पछि प्रिये !
बाली सबै तिर्दछन्
बोकाहा पनि उम्किने जति बने
तो मौन भै सुक्दछन्
अर्काको भरमा हिडेर त्यसले
कर्तव्यनै बिर्सियो
बाली त्यो अरूको पचाउँन सिकी
आफै प्रिये ! बिग्रियो

॥ २५ ॥

आफै व्यर्थ लहै-लहै तिर भुले
बिग्रिन्छ आफै पनि
बस्नै हुन्न हुदैन कुरा नतिरी
बाठो म नै हूँ भनी
लाटो लडदछ एकबार संगिनी !
बाठो सँधै लडदछ
छोडे बुद्धि बिबेक बर्कत भूली
खाल्डो स्वयं खन्दछ

॥ २६ ॥

तिर्ने छैन स्वभाव कूत जसको

त्यो हुन्छ निःश्कासित

जो छोडीकन मार्ग हिडछ त्यसको

भाचिन्छ गोडा स्वतः

मर्यादा संग चिन्धु बस्दछ सखी !

सुक्दैन त्यो तापमा

पाकेको लडरम्म धान संगिनी !

झुक्ला सँधै फाँटमा"



(५)

बिस्तारै तर सत्य तर्फ लसिने
बार्ता चलेको थियो
आभाको पनि चित्तको खुलदुली
केही हटेको थियो
बग्दा मन्द समीर स्वच्छ मनमा
मुस्कान मुस्काउँने
आयो लक्षण पूर्बमा भिर भिरे
रेखा उज्यालो हुने
॥ १ ॥
पर्दा सिन्दुर शैलका शिखरमा
राता भए पल्लव
पंछी चिरबिर गर्दछन गगनको
ताकेर बाटो सब
चिन्ता तर्क मडारिने हृदयका
केही हराए दुःख
आभाको मन फर्कियो हँसमुखी,
बोलीन बिहानी पख

॥ २ ॥

आभाः—

"हावामा नउडाउँने अब बनें

राम्रो छ सँस्कार यो

उत्साही दिल त्रिदैन कहिल्यै

आधार क्यै पाइयो

लुच्चा मानिस पन्छलान सब रूदै

स्वाँ ठे, उराल्नेहरू

भाग्नेछन पनि संझिएँ अब सबै

कालो बजारेहरू

॥ ३ ॥

तारा पठन गई पढाउँन पऱ्यो

साँचा कुरा संझिएँ

सुन्दर पूर्वजका कुरा चहकिला

केही म वुझने भएँ

हाम्रै अन्तति वैद्य डाक्टर बनी

पछाउँलान् रोगतो

छानी जगत्का अमूल्य लहरा

साँच्लान् यहीं ओखती

॥ ४ ॥

छन् घेरै महिला लुगा घर भरी

पर्नेछ आफै धुन

"कँबामा अब जान्छु है प्रिय सखे !

पानी भरी ल्याउँन

राम्रो बन्दछ स्वास्थ्य सुग्घर सफा

पारेर राखे घर

पाएँ उत्तर प्रश्न जो जति गरें

राम्रा सफा सुन्दर"

॥ ५ ॥

छान्दैथिन महिला कुगाहरू उनी
जो-जो थिए ती धुन
हल्का अङ्ग जिएर लोचन खुला
पारेर फुक्का मन
आमाको मुखमा प्रसन्न दिलका
आनन्द हेर्दै थिए
रोकी, वस्त्र धुने कुरा तर अझ
सोचेर भन्दै गए

॥ ६ ॥

आनन्द:—

"लौ-लौ हेर सखी ! बिशाल नभमा
क्रमै बस्यो बादल
हावा बादलको लिएर झगडा
धन्काउदो बादल
बेला यो छ सम्झाउँदै कृषकको
हाम्रो हिलो खेतमा
सम्झ्याए पछि मात्र बन्छ संगिनी !
माटो सफा जेठमा

॥ ७ ॥

पर्ने छैन पछाडि मुस्किल कुनै
रोपाइ गर्ने दिन
रोप्ने कोछ प्रभात लाग्दछ सखी !
यी जेठकानै छिन
लागे हेर त खेतमा कृषकका
ताँती खुला ती कति
डल्ला फोर तिमी म खन्छु पहिले
बाँकी छ खन्ने जति

॥ ८ ॥

जी जो खन्नु थियो खनेर पहिले

डल्ला फुटाए पछि

गर्ने काम सकेर झट्ट घरमा

आएर खाए पछि

तारा वर्फ दिएर चारु उनले

आँखा, भने सुस्तिर

'छोरी ! घेर पढेर सुन्दर बनौ

राम्रो बनाए घर"

॥ ९ ॥

आमा:—

"लागेको दिलमा छ खुल्दुलि अझै

शंका छ केही अझै

साझामा मन छैन ठ्यांक पनि त्यो

खोई उठेको अझै

मागेको रिन पाइदैन कहिल्यै

गुज्रिन्छ मौका जब

आयो रे ! मन भन्दछन् जमिन यो

रोपिन्छ पैले सब"

॥ १० ॥

आनन्द:—

"केही छन त्र त्रि जो भन्यौ प्रिय सखी ?

मान्नै यहाँ पर्छ त्यो

हामीले पनि तिर्न पर्छ रिन जो

पैले लिएको थियो

आम्दानी जति हुन्छ खर्च त्यतिनै

गर्ने नगर्ने भए

हाम्रा गाउं छिमेकका कृषक यो

अत्युच्च बन्ने थिए

॥ ११ ॥

संझेसम्म सुनाउँला अरू कुरा

यो वुद्धिले भ्याउँने

पर्खौंला मकुरेर भार्ग संगिनी !

संझाई सुस्ताउनें

इन्द्रेनी पनि हेर हर्ष मनाको

हाँसो उज्याली हुन

लिन्छे चुम्बन सिन्धुकै हृदयको

पानी बनी बर्सिन

॥ १२ ॥

एकाएक किसानको हृदयमा

उल्लास देखा पर्‍यो

पानी सिम्-सिम शैलका शिखरमा

आकाश देखी झर्‍यो

सुताए हरिया भए बिपिनका

शाखाहरू रुँखका

पर्दै निर्मल बर्सिए जलहरू

धारा बनी मूलका

॥ १३ ॥

हावा हुन् हुनियो अघोर रिसिने

मान्छे सरी हुर-हुर

लागे ढलमल गर्न वृक्ष लहरा

काँपो कठै ! थुथुर

झंझाबात नरोकिने सरि उठ्यो

बर्षा भयो भीषणः

पन्छाएर हटाउने छ संगिनी !

संसारकै दुर्गुण

॥ १४ ॥

आफै गर्न सके परिश्रम कडा
सकछौं छिटै फरिदन
पर्ने छैन प्रिये ! पछाडि- अगिभ्है
हामीहरू कक्रिन
धर्तीलाई सजाउँनेछ संगिनो !
यो हातमानै बल
आनन्दी दिन फर्कनेछ रसिलो !
यो छैन है निर्वल"

॥ १५ ॥

पानी सोषण रोकियो मृदुमयो
माटो सफा देखियो
डाँडा पर्वतको मुहार हरियो
हाँसेसरी देखियो
सारा सम्म बनाउँदै जमिन तो
खेलेर माटो सित
बोलेर थ्याच्च बसेर हर्ष मनले
आफ्नी प्यारी सित

॥ १६ ॥

आनन्द:—

"सारा सम्थर पारियो जमिन यो
डल्ला सबै फालियो
गच्छेले जति भ्याइयो मल यहाँ
ल्याई प्रिये ! हालियो
जोत्नै पर्छ अभै त्यसो हुन गए
बाली छ फरदाउँने
हाम्रो आँत जलेर जान्छर ? कहा ?
अत्यन्त मौलाउँने

॥ १७ ॥

खोई लौ भिक खाउँ केही अरनी

सुस्ताउदै क्यै छिन

तारा हेर पढेर आइछ यही

उफ्रेर साँचो लिन

कस्ती सून्दर भै सकी सुनहरा

त्यो देव कन्या सरी

बन्नेछे अफनै पढाउँन सके

आनन्दकी माधुरी"

॥ १८ ॥

खाई तो अरनो पुछेर पसिना

सुस्ताउँदै के थिए

बाक्ला बादलबाट बिन्दु रसिला

पानी बनी बर्सिए

छाभो तर्फ बसे थचक्क दुईनै

हेरेर बारी तिर

बर्षा भुन् भुन नाच्दथी युवति भैँ

पाखा पखेरा तिर

॥ १९ ॥

मानौं हर्ष बिभोर ती अति भए

"आषाढ बर्षन्छ यो

बाली पूर्ण हुनेछ पूर्ण जगको !

मंसीर फल्ने भयो"

छोरी सामु थिई बिनम्र स्वरले

बोली रमाई कन

"बाली धेर फले मलाई त लुगा

पर्नेछ राम्रो दिन"

॥ २० ॥

हाँसी "हुन्छ" भने मुसुक्क सँगै ती
आनन्दले निर्धक
देख्ता खेत तयार पूर्ण हरियो
जोडी थिए निर्धक
आँखाकै भरमा गरी सब कुरा
लागेर भान्सा तिर
खाने तर्खरमा बसे हँस मुखा
पस्केर ताजा खिर

॥ २१ ॥

बारी खेत सजाइयो लह-लह
बाला तयारी भए
मानौं पूर्ण किसानका दुःखहरू
जो-जो थिए पंछिए
धर्तीनै पनि देखिने दुलहीझैं
नौलो दिने माधुरी
दन्काए सब खीर दम्पती संगै
हाँसेर ठट्टा गरी

॥ २२ ॥

केही सिकन भनी त्यहा खुरू-खुरु
देखा परे गाऊँले
मानौं फेरकि काँचुलि सरि भयो
आनन्दका कामले
बोले "जाँगर औ परिश्रम फल्यो
आनन्द तिम्रो अब
मोहीको हक खोसिदैन बुझियो
बाली नखाए सब"

॥ २३ ॥

जोगु त्यै घरि देखियो नगिचमा
आँखा थिए डब्-डब
मोही प्राप्त भयो भनें समयमा
बाली म दिन्थें सब
दर्थ्यो ईज्जत सा । खर्च घरको
जोगाईएको भए
बालो पूर्ण पचाउँदै मन सबै
रक्सी पिई सिद्धिएँ"

॥ २४ ॥

हेरे चार दिशा तिरै जब त्यहाँ
भेला भए गाउँले
मर्यादा तिनको थियो, सब दिने
आनन्दकै कामले
मान्छन् "सिन्धु नदी, शशी रबि बनी
आनन्द राम्रो दिन
छर्नेछन पसिना समस्त भवमा
मान्छेहरू पावन"

॥ २५ ॥

थापे कान सबै बसेर उनका
हांसेर सामीप्यमा
मानौं जागृतिका नयाँ कण जुटे
आनन्दका गाऊँमा
साराको मनमा पऱ्यो 'अब छिटै
आनन्द बोल्छन्" भनी
सोँचेका मनका कुरा हृदयका
संपूर्ण खोले पनि

॥ २६ ॥

आनन्दः—

"सोच्ने शक्ति थियो भने हृदयमा
के काममा खर्चियो ?
आफ्नै काल अकालका भुँवरिमा
जान्ने हुँदा पारियो
आफै जोगु ? विचार राख मनमा
"जिग्रे स्वयंभू कामले
हिडने आदत छोड गर्व मनमा
राखेछ संसारमा

॥ २७ ॥

भ्याएको सहयो संझ दिउंला
बाछाहरू पालन
चल्ला छन कुखुरा र हांसहरूका
तिम्रा सबै ख्याल
आत्मा नित्य रसाउँनेछ सबको
कर्तब्य सम्झे पछि
छाती बन्दछ उच्च पुष्ट सबको
दायित्व सम्झे पछि

॥ २८ ॥

गौराङ्गहरूको गुहार नलिई
कालेहरूकै पनि
सक्छौं हाम्रो सुधार गर्न दिलले
पाखा पखेरा भनि
देशी छर्न हुदैन धेर भलहै !
बिग्रिन्छ माटो पनि
कोरा लाग्दछ धेर-धेर त्यसले
सुक्नेछ बोटै पनि"

॥ २६ ॥

जिज्ञासा तर उब्जियो हृदयमा
आभा अगाडी सरिन
हाँसो सुस्तिर चारू लोचनहरू
चारै कुनामा परिन
"आभाको अब प्रश्न हुन्छ" मनले
आनन्दले संझिए
हल्का ओठ चल्यो विशाल दिलका
पाताहरू खोलिए

॥ ३० ॥

आभाः—

"देशी जो मल हालिइन्छ त्यसले
बाली छ फस्टाउँने
बाली त्यो किन राखियो प्रिय ! सखे !
बिर्सेर पन्छाउने
साँझामा नमिलेर होकि मल त्यो
पैसा कि जोगाउँन ?
के आफ्नै अनुभूतिका कणहरू
लागेर भित्र्याउन

॥ ३१ ॥

राम्रो काम पराइको पनि सिके
राम्रो अझै हुन्छकि ?
केही ज्ञान र सीपमा अरू कुरा
आधार पाईन्छ कि ?
खेतीमा अरू क्यै नयाँ किसिमको
गर्दै गए थालनी
होलाकि अरू शीघ्रनै फलहरू
फल्ने पखेरा भनि"

॥ ३२ ॥

आनन्द:

'देशी छर्न हुदै-हुदैन संगिनी !
मैले भनें त्यो कहाँ ?
भित्र्याउँन गुण, शोध सुन्दर भए
सोचेर छानी यहाँ
सिक्नै पर्दछ ज्ञान गौरव कला
राम्रो बिदेशी पनि
फाल्नै पर्छ खराब देखिन गए
संस्कार आफ्नो पनि

॥ ३३ ॥

माटो पार्दछ उर्वरा र भलिलो
कम्पोष्ट राखे मल
बन्ने बीज बनाउँनेछ हरियो
साँचेर छाने बल
सुस्वादु पनि हुन्छ साग हरियो
गेडा अझै स्वादिलो
बाला बन्दछ पुष्ट-पुष्ट बिउको
राम्रो हुने पोटिलो

॥ ३४ ॥

आफ्ना यी पसिना परिश्रमहरू
साँचिन्छ आफ्नै तिर
पैसानै पनि ओगिइन्छ मलको
जादैन आर्को तिर
होलान् उन्नति, योजनाहरू अरू
फष्टाउलान देशमा
टेवा मिल्दछ संघ जोगिन गए
उद्योग व्यापारमा

॥ ३५ ॥

हामी जाँगरिला भएर अघिभै
गाएर हाम्रै कथा
लंकेमा नभ तर्फ उन्नति गरी
भाग्छन भरका व्यथा
छन केही अवशेस निश्चित यहाँ
थोगा कुरा संभदै
तो देखन पर पंन्छिई, अघि बढौं
कर्तव्य है ! संभदै

॥ ३६ ॥

चकला बन्दि गरी जमीनहरूको
पाटा मिलाएर यो
साझा खेति गरे किसानहरूले
सुध्रिन्छ मन देश यो
बाली फलदछ घाँस- सोत्तरहरू
साँची बनाए मल
आफ्नै पौरखले परिश्रम गरे
भेटिन्छ राम्रो फल

॥ ३७ ॥

राम्रा वृक्ष लता हजार थरिका
रोपौं पखेरा तिर
छायादार बसन्त झुलछ हरियो
हाम्रै हिमानी निर
राम्रो गोबर घाँस पातहरूको
गर्दै गरे संचय
देशी प्राप्त हुदैन होकि मलको
पर्दैन केही भय

॥ ३८ ॥

गोठालाहरू हो ! न ढाल रूख है !
देखो रिसाई सकिन
हाम्री यो धरणी हरा न रहँदा
थोत्री बुढी देखिइन
राम्रा यो मल, बोज खेतहरूमा
आफै जगेर्ना गरौं
आफ्नै पाखुरिको गरी भर सधैं
हाँसेर बाँच्ने गरौं

॥ ३९ ॥

कोही खोज्छ भने रिसाउँन अझै
सोचेर गुन्ने गरौं
रोपो वृक्ष बुटी अनन्त पहरा
पाखा सपार्ने गरौं
लाखौं-लाख प्रकारका तरू-लता
रोपौं मरू भूमिमा
छाया स्वच्छ बिशाल बन्छ वनको
पाईन्न जो स्वर्गमा

॥ ४० ॥

सारा रोग दगुर्छ दूर गुन हे !
सल्ला सुसाए भने
गोमाता पनि दूधदायक हुने
राम्रो अघाए भने
त्यस्ता रूखहरू र घास हरियो
राखौ पखेरा तिर
तकारी बिरूवा लगाउँन सिकौं
आफ्नै करेसा तीर

× × × ×

इति

# लेखकका प्रकाशित कृति

१. बसन्त र विरही (खण्डकाव्य) २०३४

२. प्रियतम (खण्डकाव्य) प्रतिनिधि पत्रिकामा २०३६

३. सपनाको सुसेली (गद्यकविता संग्रह) २०४०

४. अमर भावना (खण्ड काव्य) २०४१

५. परिणाम (प्रस्तुत)

# प्रकाशोन्मुख

१. विजय श्री (शोककाव्य)

२. पञ्चकोण (खण्डकाव्य)